# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

## झुरा तथा पुराना कागजातहरु बिक्रि सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

सूचना नं. ३०३/२०८०-८१

(सूचना प्रकाशित मितिः २०८१/०२/२२)

यस आयोगमा विभिन्त्र समयमा सिर्जना भई मौज्दात रहेका झुरा तथा पुराना कागजहरु जे जस्तो अवस्थामा छन तपसिलको शर्तको अधिनमा रही शिलवन्दी दरभाउपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म/कम्पनी वा व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र/मू.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै राखी शिलवन्दी गरी निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. रु १०००/- (फिर्ता नहुने) गरी यस आयोगबाट खरिद गरेको दरभाउपत्रमा दररेट भरी सही छाप गरी पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र बिक्री भईसकेपछि फिर्ता गरिने छैन ।

३. सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । ८ औं दिन दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा दरभाउपत्र खोलिने छ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. दररेट अक्षर र अङ्कमा लेख्नुपर्नेछ, अक्षर र अङ्कमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा नै खोलिनेछ । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट कार्यालय खुल्ने दिन उक्त कार्य गरिनेछ।

६. जमानत वापत दरभाउपत्र साथ कवोल अङ्कको १० प्रतिशतले हुने रकम यस **कार्यालयको कोड २१०००१३०११ प्रदेश लेखा नियन्त्रक कार्यालय,** कोशी प्रदेश विराटनगरको नाममा राष्ट्रिय वाणिज्य बैंक,विराटनगर शाखामा रहेको धरौटी खाता न **KHA-2-3.DHARAUTI A/C PRA.Le.Nl.KA2120100202030000** मा दाखिला गरेको सक्कलै बैंक भौचर दोस्रो प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत भईसकेपछि स्वीकृत दरभाउपत्रदाताले नियमानुसार झुरा तथा पुराना कागज यस आयोगको प्रतिनिधीको रोहवरमा कारखानामै लगी गोप्य तवरले धुल्याउनु पर्नेछ ।कार्य सम्पन्न भै सकेपछि उक्त जम्मा गरिएको धरौटी रकम फिर्ता गरिनेछ।

८. रीत नपुगेको वा म्याद नाघि आएको दरभाउपत्र माथि कारवाही गरिने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण जिम्मेवारी यस आयोगमा सुरक्षित रहनेछ ।

१०. आयोगको कार्यालय खार्जी चोकस्थित आयोगको भवनमा रहेका छन् ।

११. लिलाम बिक्री गर्ने पुराना तथा झुरा कागजहरु हेर्न चाहेमा वा दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय खुलेको समयमा आयोगको प्रशासन शाखा तथा जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

झुरा तथा पुराना कागजातको विवरण

| सि.नं. | विवरण | अनुमानित लागत | अनुमानित तौल |
|---|---|---|---|
| १. | पुराना पत्रपत्रिका | रु १६।- प्रति के.जी. | ३००० के.जी. |
| २. | लेखेका उत्तरपुस्तिका | | |
| ३. | पुराना किताब, फाइल, मुचुल्का सहितका खाम, थैला आदी । | | |

२०८१/०२/२२

उप-सचिव